पाल्हीनन्दन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
पाल्हीनन्दन, नवलपरासी
५ नं. प्रदेश

*सिलबन्दी बोलपत्र/दरभाउ पत्र आव्हानको सूचना*

प्रथम पटक प्रकाशित मिति :२०७७/१२/०७

यस पाल्हीनन्दन गाउं कार्यपालिकाको कार्यालयबाट चालु आ.व. ०७७/७८ मा यस कार्यालय अन्तर्गत संचालन हुने स्वीकृत बार्षिक कार्यक्रमहरु अनुसार तपसिलमा उल्लेखित कार्यहरु ठेक्कापटा को माध्यमबाट गराउनुपर्ने भएकोले मूल्य अभिवृद्धि कर र स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र प्राप्त निर्माण व्यवसायीबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलबन्दी बोलपत्र दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

*शर्तहरु :*

१. सम्बन्धित कागजातहरु संलग्न राखी यस पाल्हीनन्दन गाउंपालिकाको कार्यालय, नवलपरासीबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले बोलपत्र पत्रको हकमा ३० औं दिनसम्म र दरभाउ पत्रका हकमा १५ औं दिनसम्म यस कार्यालयको नेपाल बैंक लिमिटेड, पाल्हीनन्दन शाखा, बेलासपुर स्थित रहेको राजश्व संकलन खाता नं.२४८०३००००००००४००२००१ मा जम्मा गरेको भौचर सहित बोलपत्र दरभाउ संम्बधि प्रकाशित सूचनामा तोकिएको दस्तुर (पछि फिर्ता नहुने गरी) बुझाई कार्यालय समय भित्र खरिद गर्न सकिने छ ।
२. बोलपत्र पत्र खरीद गर्दा आ.व.०७७/७८ सम्म अद्यावधिक नवीकरण भएको ईजाजत पत्र,स्थायी लेखा नम्बर प्रमाणपत्र र मु.अ.कर दर्ता प्रमाणपत्र र आ.व.०७६/७७ को कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।
३. खरीद गरिएका बोलपत्र दरभाउ पत्रहरु उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्र पत्रदाताले प्रत्येक पानामा सही छाप गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोप्राइटरको नाम, ठेगाना, फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले बोलपत्रको हकमा ३१ औं दिन र दरभाउ पत्रका हकमा १६ औं दिनसम्म दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । म्यादभित्र प्राप्त हुन आएका सिलबन्दी बोलपत्र दरभाउ पत्र सोही दिन दिनको १४:०० बजे कार्यालयका प्रतिनिधि तथा बोलपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरुको रोहवरमा गाउंपालिकाको कार्यालयमा खोलिने छ । बोलपत्र दरभाउपत्रदाता वा निजको अधिकार प्राप्त प्रतिनिधि अनुपस्थित भएमा पनि कार्यालय प्रतिनिधिहरुको रोहवरमा बोलपत्र दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको सिलबन्दी दरभाउपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।
५. सिलबन्दी बोलपत्र दरभाउ पत्रको प्रत्येक आइटमको दर भ्याट बाहेकको अंक र अक्षरमा प्रष्ट उल्लेख गरी पेश गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।
६. कामको गुणस्तर स्वीकृत स्पेसिफिकेसन अनुसार हुनुपर्नेछ । बोलपत्र पत्रदाताले निर्माण स्थल र सम्पादन गर्ने कामको सम्बन्धमा राम्रोसंग बुझी दररेट भरेको मानिने छ ।
७. बोलपत्र/दरभाउ पत्रसाथ जमानत बापतको तल उल्लेखित रकम पाल्हीनन्दन गाउंपालिको कार्यालय,पाल्हीनन्दन नवलपरासीको नेपाल बैंक लिमिटेड पाल्हीनन्दन शाखा बेलासपुर शाखामा रहेको धरौटी खाता २४८०३०००००३०००००००१ मा दाखिला गरेको सक्कल भौचर अथवा यस कार्यालयको नाममा जारी भएको सिलबन्दी बोलपत्र दरभाउ पत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा बोलपत्रको हकमा १२० म्याद भएको र दरभाउ पत्रको हकमा ९० बाणिज्य वा सो सरह बैंकबाट जारी भएको बैंक जमानत (***Bid Bond***) संलग्न हुनुपर्नेछ ।
८. कुनै पनि बोलपत्र पत्रदाताले एउटा ठेक्काको लागि एउटै मात्र बोलपत्र दरभाउ प्रत्र खरीद र दाखिला गर्न सक्नेछन् । यो शर्त संयुक्त उपक्रममा पनि लागू हुनेछ ।
९. बोलपत्र पत्र खरीद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनलाई उक्त प्रयोजनको लागि मान्यता दिईनेछ ।
१०. रीत नपुगी वा म्याद नाघी आएका सिलबन्दी बोलपत्र /दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन ।
११. नेपाल सरकारको हितलाई ध्यानमा राखी कुनै कारण जनाई वा नजनाई सिलबन्दी बोलपत्र /दरभाउ पत्र पुरा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
१२. बोलपत्र पत्र स्वीकृत भइसकेपछि कबोल अंकको ५% ले हुने रकम माथि उल्लेखित खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तीमा १३ महिना म्याद भएको परफरमेन्स वन्ड (***Performance Bond***) पेश गरी सम्झौता गर्नुपर्नेछ ।
१३. यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।
१४. सिलबन्दी बोलपत्र दरभाउ पत्र सम्बन्धि अन्य जानकारी चाहिएमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।
१५. यस पाल्हीनन्दन गाउं कार्यपालिकाको आर्थिक ऐन अनुसार तोकेको व्यवसायी कर तिरेको रसिद अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

*बोलपत्र/सिलबन्दी दरभाउपत्र सम्बन्धि कार्यको विवरण*

| क्र. सं. | ठेक्का नं. | ठेक्काको किसिम | कामको विवरण | ल.ई.रकम रु.( भ्याट बाहेक) | धरौटी रकम ( रु.) | बोलपत्र/सिलबन्दी दरभाउ पत्र खरीद दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १. | ३९/०७७/७८/ PNRM/NCB | बोलपत्र | कुश्मा स्वास्थ्य चौकी भवन निर्माण गर्ने कार्य । | २६,८४,९००/०० | ७६,०००/०० | ३,०००/०० |
| २ | ४०/०७७/७८/ PNRM/NCB | बोलपत्र | सनई स्वास्थ्य चौकी भवन निर्माण गर्ने कार्य । | २१,४७,९५०/०० | ६१,०००/०० | ३,०००/०० |

प्रमुख प्रशासकिय अधिकृत
2066/12/1
निमित्त प्रशासकिय प्रमुख